## मिति २०७८/०३/०४ गतेको ११३ औ कार्यपालिका बैठकका निर्णयहरु

**निर्णय न १.** आर्थिक वर्ष २०७८।७९ को लागि स्रोत अनुमान समितिको निर्णयानुसार यस अघि सबै वडा,शाखा तथा क्षेत्रहरुका लागि निर्धारण गरिएको चालु र पुँजीगत तर्फको व्यय प्रक्षेपणका सम्बन्धमा बैठकमा छलफल गरियो । यस सम्बन्धमा संघिय तथा प्रदेश सरकार र यस नगरपालिकाको आन्तरिक आय समेतमा थपघट हुन गई संशोधित बजेट सिलिङ स्वीकृत गरि सोही बमोजिम योजना तथा कार्यक्रम निर्धारण गरि आगामी बैठकमा पेश गर्न सबै वडा कार्यालय र शाखाहरुलाई निर्देशन दिने ।

**निर्णय न २.** कोभिड १९ संकट व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश २०७८ को दफा (२६) बमोजिम स्वास्थ्य सेवा विभागले स्वीकृत गरेको स्पेसिफिकेशन अनुसार १०० एम ए एक्सरे सिस्टम खरिद गर्नका लागि रु २४ लाखमा नबढ्ने गरि बजेट व्यवस्थापन गर्दै ३ दिन भित्रको म्याद दिई सूचना प्रकाशन गरि कार्यालयलाई खरिद गर्नका लागि अनुमति प्रदान गर्ने ।

यसका लागि देहायका निकायबाट प्राप्त हुने रकम र नपुग रकम नगर अस्पताल संचालन शिर्षकबाट खर्च लेख्ने ।

<u>देहाय</u>

(क) नेपाल पूर्वाधार विकास बैंक ७,००,०००।
(ख) हेफर इन्टरनेसनल ५,००,०००।
(ग) सुर्खेत समाज अष्ट्रेलिया ४,२५,९१५।

Scanned with CamScanner